उदाहरण

# आगलागीको घटनाहरु

※सेन्दाई शहरले तयार गरि सम्पादन गरेको

## केस १ २०२४ सेन्दाई शहर मियागिनो वार्ड

### ल्यापटप कम्प्युटर (लिथियम-आयन ब्याट्री) बाट निस्किएको आगो


◆लामो समय प्रयोग गर्दा बिग्रिने वा खस्दा ब्याट्रीमा पुग्ने असर आदि बाट हुने आगलागीबाट सावधानी अपनौं।
◆यसलाई उपयुक्त ठाउँमा फ्याकौं।





**लिथियम-आयन ब्याट्रीबाट हुने आगलागीको संख्या बढ्दै गैरहेको छ !**

### ※मोबाइल फोनबाट हुने आगलागी↓



**लिथियम-आयन ब्याट्रीहरू सही तरिकाले फ्याक्नको लागी, ब्याट्रीको पछाडिपट्टि लेखिएको निर्देशिका हेरौं।**

## केस २ २०२४ सेन्दाई शहर इजुमी वार्ड

### फ्यानहिटरलाई पर्दाले ढाकिएको अवस्थामा भएको आगलागी

◆हिटरको छेउछाउमा ज्वलनशील सामानहरु नराखौं।
◆यदि तपाईंले भिन्दै किसिमको आवाज सुन्नुभयो भने, त्यो सामान बिग्रिएको सम्भावना हुनेहुँदा त्यसको प्रयोग बन्द गरौं।



स्वतन्त्र प्रशासनिक उत्पादन प्रविधि तथा मूल्याङ्कन संस्थान (NITE) को वेबसाइट

## केस ३ २०२४ सेन्दाई शहर ताइहाकु वार्ड

### अरोमा मैनबत्तीलाई ध्यान नदिई बालेर छोड्दा लागेको आगलागी

◆ मैनबत्ती बलेको ठाउँ बाट अर्को ठाउँमा जाँदा वा सुत्नजाँदा नबिर्सिकन यसलाई निभाउने गरौं।
◆ज्वलनशील समानहरु मैनबत्ती बलेको ठाउँ नजिकै नराखौं।



AI ले बनाएको तस्बिरहरू

# लिथियम ब्याट्री बिग्रिदा देखिने असामान्य संकेत

**यदि, ब्याट्री बिग्रिदा देखिने तलको मध्ये कुनैपनि संकेतहरू तपाईंले चालपाउनु भयो भने, यसलाई प्रयोग गर्न तुरुन्तै बन्द गर्नुहोस।**

**आयतन वा लम्बाई, परिवर्तन हुनु** — ब्याट्री पड्किन फुलिएको जस्तो आकार हुनु, केस बाङ्गो भएको जस्तो देखिनु।



**असामान्य रुपमा तातो हुनु** — चार्ज गर्दा वा प्रयोग गर्दा यसलाई छुन नसकिने गरि धेरै तातो हुनु।

**अनौठो गन्ध** — अनौठो गन्ध वा जलेको जस्तो गन्ध आउनु।



**तरल पदार्थ चुहावट** — ब्याट्रीबाट तरल पदार्थ चुहिएर बाहिर निस्किनु।

## ब्याट्रीमा असामान्य अवस्था देखिंदा, अपनाउने आपतकालीन विधि

**आफ्नो सुरक्षाको सुनिश्चिता गरौं** — तुरुन्तै उपकरणको प्रयोग बन्द गरि, उपकरण भएको ठाउँबाट टाढा जाउँ।




**कुनैपनि हालतमा ब्याट्रीको पार्टपुर्जाहरु नछुट्याउँ** — पार्टपुर्जालाई छुट्याउने, टुक्राटुक्रा बनाउने वा परिमार्जन गर्न निषेध छ।

**आगो निभाउने विधि** — यदि पट्कीएर आगो लाग्यो भने, निभाउनको लागी आगो निभाउने उपकरणको प्रयोग गर्ने वा धेरै पानी खन्याएर आगो निभाउने प्रयास गर्ने।



### प्रयोग नगरेको वा सकिएको लिथियम ब्याट्रीहरु, 「क्यान, बोतल र प्लास्टिकका बोतलहरू」 सङ्कलन गरिने दिनमा फ्याँकौ !



**ब्याट्रीहरू फाल्दा, टर्मिनल भागमा पारदर्शी टेप टास्ने अनि फ्याक्ने गरौं।**

↓




**पहेंलो रङ्गको सङ्कलन बक्समा फ्याकने गरौं।**

बिस्तृत विवरणहरूको लागि, वेकेरुनेटमा हेरौं,

### आगलागी भयो

**①आगो लाग्यो ! भनि, ठूलो स्वरले कराउने**

तुरुन्तै आफ्नो वरपरका मानिसहरूलाई जानकारी गराउने




**②११९ नम्बरमा फोन गरि रिपोर्ट गर्ने**

आफ्नो मातृभाषामा गरेपनि हुन्छ

**③त्यो ठाउँबाट निस्किने (भागौं)**

आपतकालीन ढोका वा भऱ्याङको प्रयोग गरि त्यो ठाउँबाट भागौं।

एकपटक भागेपछि, कुनैपनि हालतमा त्यो ठाउँमा फर्केर नजाउँ !